# प्रदेश सभा सचिवालय

## प्रदेश नं. ५, बुटवल

# शिलबन्दी दरभाउ पत्र आव्हान सम्वन्धी सूचना

प्रथम पटक प्रकाशित २०७५।१०।४

यस प्रदेश सभा सचिवालय अन्तर्गत रहेका विषयगत समितिका भवन (मानवधर्म सेवा समिति), संसदीय समितिका कार्यालयहरु र संवादकेन्द्र रहने भवनहरु ( महिला जेसिस र पश्चिमाञ्चल डिलर्स एसोसियसन) का कार्यालयकक्ष, वैठक कक्ष र प्यासेजहरुमा कार्पेट तथा पर्दा लगायतका फर्निसिङ्गका कार्यहरु गर्नु परेकोले इजाजत प्राप्त आधिकारिक आपूर्तिकर्ताबाट निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

**निम्न**:

१) शिलबन्दी दरभाउ पत्र राष्ट्रिय दैनिक ,बुद्ध दर्पण पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ औ दिन भित्र दरभाउपत्र शुल्क (फिर्ता नहुने गरी) बुझाई आ.व. २०७४।०७५ सम्म मान्य हुने भएको डिलरसिप दर्ता प्रमाण पत्र, आयकर र मूल्य अभिबृद्धि करमा दर्ता भएका स्थायी लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्र, आ.व. २०७४।०७५ को कर चुक्ता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपिहरु संलग्न राखी ईच्छुक डिलर्सहरुले लिखित निवेदन दिई यस कार्यालयबाट कार्यालय समय भित्र नमूना बमोजीमको दरभाउ पत्र खरिद गर्न सकिने छ।

२) खरिद भएको दरभाउ पत्रमा उल्लेख भएका सबै विषयहरु प्रष्ट गरी दरभाउ पत्रमा सही छाप गरी शिलवन्दी गर्ने र खाम बाहिर डिलर्सको नाम, ठेगाना र कामको विवरण स्पष्ट खोली १६ औं दिन दिनको १२ बजे भित्रमा यस सचिवालयमा दर्ता गर्नु पर्नेछ।

३) दर्ता भएका दरभाउ पत्र सोही दिन दिनको १ बजे उपस्थित दरभाउ पत्रदाता वा निजको प्रतितिधिको उपस्थितीमा खोलिने छ, दरभाउ पत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउ पत्र खोल्न वाधा पर्ने छैन।

४) शिलबन्दी दरभाउ पत्र पेश गर्दा लागत अनुमान रकमको २.५(अढाई) प्रतिशतले हुने रकम श्री प्रदेश लेखा नियन्त्रक कार्यालय बुटवलको राष्ट्रिय वाणिज्य बैंक लि. बुटवल स्थित बैंक हिसाव नं. ३१२०२०२००००००१ धरौटी खाता र जम्मा गर्ने कार्यालय प्रदेश सभा सचिवालय बुटवल (कार्यालय कोड नं.७०५२१४८०१) मा जम्मा गरेको सक्कल भौचर वा सो बराबर रकमको नेपाल सरकारबाट स्विकृत प्राप्त बैंकको जमानी पत्र पेश गर्नु पर्नेछ।

५) दरभाउपत्र स्विकृत भएपछि कबोल अंकको ५ प्रतिशतले हुने रकममा नपुग रकम बराबरको रकम धरौटी खाता नं. ३१२०२०२००००००१ मा जम्मा गरेको सक्कल भौचर वा बैंक जमानी पत्र पेश गर्नु पर्नेछ।

६) दरभाउ पत्र पेश गर्दा केरमेट नभएको र कार्यालयले उपलब्ध गराएको दरभाउ पत्रमा थपघट वा द्रष्टव्य नलेखेको हुनु पर्नेछ।

७) समय भित्र प्राप्त हुन नआएको दरभाउ पत्र माथि कारवाही हुने छैन।

८) दरभाउ पेश गर्दा दररेट स्पष्ट रुपमा अंक र अक्षरमा उल्लेख गर्नु पर्नेछ। अंक र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ।

९) दरभाउ पत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलीपल्ट विदा पछि कार्यालय खुलेको दिन हुनेछ।

१०) कुनै पनि कारण जनाई वा नजनाई दरभाउ पत्र स्विकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ।

११) दरभाउ पत्रवालाले आफुले कबोल गर्ने अंक मूल्य अभिबृद्धि कर बाहेकको हुनु पर्नेछ।

१२) दरभाउ सम्वन्धी अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

१३) दरभाउ पत्र फिर्ता नहुने गरी रु. १०००।- (एक हजार) तिरी खरिद गर्नु पर्नेछ। सो दरभाउ पत्र श्री राष्ट्रिय वाणिज्य बैंक लि. बुटवल स्थित बैंक राजस्व खाता नं. १०००२०००१०००० प्रदेश लेखा नियन्त्रक कार्यालय, बुटवल र जम्मा गर्ने कार्यालय प्रदेश सभा सचिवालय बुटवल (कार्यालय कोड नं.७०५२१४८०१) राजस्व शिर्षक नं. १४२२९ मा जम्मा गरेको सक्कल भौचर पेश गरी लिनु पर्नेछ।

१४) यसमा लेखिएको हकमा यसै अनुसार र यसमा उल्लेख नभएको हकमा सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित कानून बमोजिम हुनेछ।

१५) निम्नानुसार विवरण भएको सामान उपलब्ध गराउनु पर्नेछ।

**सप्लाई गर्ने सामानको विवरण**

| सि.नं. | विवरण | परिमाण | अधिकतम अंक (मु.अ.कर समेत) | कैफियत |
|---|---|---|---|---|
| १ | सादा रिप कार्पेट, सुलेसन, फिटिङ.समेत | ४३० मिटर | ४४०३५४.४ | सचिवालयको सूचनापाटीमा देखाइएको sample अनूसार |
| २ | (ल.२.५ मिटर) तयारी पर्दा, फिटिङ समेत | १२६ पिस | ४३१५५०.०० | |
| ३ | डोर म्याट | ५० मिटर | ५७२००.०० | |
| जम्मा | | | ९२९१०४.४ | |

**प्रदेश सभा सचिवालय**

**बुटवल**